नगर सभाबाट स्वीकृत मिति :२०७८/०३/२५

# सुन्दरबजार नगरपालिकाको
# विनियोजन ऐन २०७८

## सुन्दरबजार नगरपालिकाका
## नगरकार्यपालिकाको कार्यालय
## सुन्दरबजार,लमजुङ

प्रमाणीकरण गर्नेको
नाम :जनक राज मिश्र
पद :नगरसभा अध्यक्ष
मिति :२०७८/०३/२५
पृष्ठ संख्या :6

सुन्दरबजार नगरपालिका
गण्डकी प्रदेश, नेपाल

# सुन्दरबजार नगरपालिकाको विनियोजन ऐन, २०७८

सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यहरु सञ्चालनका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

सभाबाट स्वीकृत मिति : २०७८/०३/२५

प्रस्तावना : सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को सेवा तथा कार्यहरु सञ्चालनका लागि सञ्चित कोषको केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सुन्दरबजार नगरसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "सुन्दरबजार नगरपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा :

(१) "नगर सभा" भन्नाले सुन्दरबजार नगरपालिकाको नगर सभा भन्ने बुझ्नु पर्नेछ।

(२) "कार्यपालिका" कार्यपालिका भन्नाले सुन्दरबजार नगर कार्यपालिका भन्ने बुझ्नु पर्नेछ।

(३) "कार्यालय" भन्नाले सुन्दरबजार नगर कार्यपालिकाको कार्यालय भन्ने बुझ्नु पर्नेछ।

(४) "विषयगत शाखा" विषयगत शाखा भन्नाले कार्यालय अन्तर्गत विभिन्न विषयगत सेवा सञ्चालन गर्ने शाखाहरु भन्ने बुझ्नु पर्नेछ।

(५) "वडा समिति" वडा समिति भन्नाले सुन्दरबजार नगरपालिका अन्तर्गत १ देखि ११ नं वडाका वडा समिति भन्ने बुझ्नु पर्नेछ।

३. आर्थिक वर्ष २०७८/७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक वर्ष २०७८/७९ को निमित्त कार्यालय, विषयगत शाखा र वडा समितिले गर्ने सेवा र कार्यहरु सञ्चालनका लागि अनुसूची – १ बमोजिमको आय बाट अनुसूची – २ मा उल्लेखित चालु खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु.७४,१६,४१,००० (अक्षेरुपी चौहत्तर करोड सोह्र लाख एकचालीस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिमका शीर्षकमा सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

४. विनियोजन :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न दिइएको रकम आर्थिक वर्ष २०७८/७९ को निमित्त कार्यालय, विषयगत शाखा र वडा समितिले गर्ने सेवा र कार्यहरु सञ्चालनका निमित्त विनियोजन गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कार्यपालिकाको कार्यालय, विषयगत शाखा र वडा समितिले गर्ने सेवा र कार्यहरु सञ्चालनका निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले वचत हुने कुनै एक शीर्षकबाट नपुग हुने कुनै एक वा एक भन्दा बढी शीर्षकमा वा वचत हुने एक भन्दा बढी शीर्षकहरुबाट कुनै एक वा एक भन्दा बढी शीर्षकमा रकमान्तर गर्न र निकासा गर्न र खर्च जनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकमान्तर गर्दा वचत हुने शीर्षकमा रहेको बजेटको २५ प्रतिशतमा नबढाई रकमान्तर गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम रकमान्तर गर्दा चालु खर्च शीर्षकबाट चालु खर्च शीर्षकमा वा पूँजीगत खर्च शीर्षकमा र पूँजीगत खर्च शीर्षकबाट पूँजीगत खर्च शीर्षकमा गर्न सकिनेछ।

तर,

पूँजीगत खर्च शीर्षकबाट चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए पनि एक शीर्षकबाट सो शीर्षकको रकमको २५ प्रतिशत भन्दा बढी रकम रकमान्तर गर्नु परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ।

(६) उपदफा (३),(४) र (५) मा जुनसुकै कुरा लेखिएको भए पनि कोरोनाको कारणले विषम स्थिति सिर्जना भई महामारी नियन्त्रणका लागि थप रकम आवश्यक भएमा सुन्दरबजार नगरपालिकाको अनिवार्य दायित्वको शीर्षक बाहेक जुनसुकै शीर्षकबाट कार्यपालिकाले कोरोना प्रतिकार्य कोषमा रकमान्तर गर्न सक्नेछ।

(७) कुनै कारणले अनुसूची – १ मा उल्लेख भए बमोजिम आय संकलन हुने स्थिति आएका कारणले वा उपदफा (६) बमोजिम कोरोना प्रतिकार्य कोषमा रकमान्तर गर्नुपर्ने भई रकम अभाव भएका कारणले सञ्चालित योजना तथा कार्यक्रम लागि रकम भुक्तानी गर्न बजेट अपुग भएमा पहिला आउनेलाई पहिला भुक्तानी विधि अपनाई पुग्ने सम्मको रकम भुक्तानी गर्नु पर्नेछ। कार्य सम्पन्न भएका तर भुक्तानी



अमरराज मिश्र
प्रमुख

नभएका योजना तथा कार्यक्रमको हकमा भुक्तानी बाँकी कच्चाबारी फाराम भरी अर्को आर्थिक वर्षमा दायित्व सार्नु पर्नेछ ।

(८) यस आर्थिक वर्षमा सम्झौता गरी सञ्चालन हुने कुनै योजना तथा कार्यक्रम सम्झौता नगरी सञ्चालन भएमा त्यस्ता योजना तथा कार्यक्रमको व्ययभारको जिम्मेवारी त्यसरी योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

९. कार्यक्रम सञ्चालन :

(१) सुन्दरबजार नगरपालिकाको आठौं नगरसभाले तय गरेका कार्यक्रम सञ्चालनको नर्म्स तथा मापदण्डका लागि लागि नेपाल सरकार अर्थ मन्त्रालयको चालु कार्य सञ्चालन निर्देशिका बमोजिम हुनेछ । सो निर्देशिकामा उल्लेख नभएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ । खर्चको मापदण्ड नाघेर खर्च लेखी आएमा सम्बन्धित व्यक्ति वा निकाय नै जिम्मेवार हुनेछ । कुनै कारणबश त्यस प्रकारको भुक्तानी भएमा सम्बन्धित व्यक्ति वा निकायबाट असुल उपर गरिनेछ ।

अनुसूची – १

(ऐनको दफा ३. को उपदफा (१) सँग सम्बन्धित)

आर्थक वर्ष २०७८/७९ को अनुमानित आय

| क्र सं | शीर्षक | अनुमानित आय |
|---|---|---|
| | आन्तरिक आय | |
| १ | आन्तरिक राजस्व | ११००००००.०० |
| २ | अ. ल्या. | ३५००००००.०० |
| ३ | रोयल्टी तथा मालपोत | १३५०००००.०० |
| | जम्मा | ५९५०००००.०० |
| | गण्डकी प्रदेश सरकारबाट प्राप्त | |
| १ | वित्तीय समानीकरण अनुदान | १३०१३०००.०० |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम | ९७३३०००.०० |
| ३ | समपूरक अनुदान | ५००००००.०० |
| ४ | सशर्त अनुदान | ५००००००.०० |
| ५ | विशेष अनुदान | ० |
| | जम्मा | ३२७४६०००.०० |



जनकराज मिश्र
प्रमुख

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| संघीय सरकारबाट प्राप्त | | |
|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | ११०९०००००.०० |
| २ | सशर्त अनुदान | ३२३३००००००.०० |
| ३ | समपूरक अनुदान | ० |
| ४ | विशेष अनुदान | ९१०००००.०० |
| ५ | राजस्व बाँडफाँडबाट प्राप्त हुने | ७१७९५०००.०० |
| | जम्मा | ५१५०९५०००.०० |
| | कुल जम्मा | ६०७३४१०००.०० |
| | विविध | १३४३०००००.०० |
| | विविध कार्यक्रम समेत जम्मा | ७४१६४१००० |

अनुसूची – २

(ऐनको दफा ३. को उपदफा (१) सँग सम्बन्धित)

आर्थक वर्ष २०७८/७९ को अनुमानित आय

| क्षेत्र | उपक्षेत्र | विनियोजन | विविध | विशेष अनुदान | समपूरक अनुदान | सशर्त | आन्तरिक | क्षेत्रगत जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक विकास | कृषि | २३९००००० | | | | १८०५०००० | ५८५०००० | ५२२५०००० |
| | पशु सेवा | १०५५०००० | | | | ८०५०००० | २५००००० | |
| | सहकारी | ३५०००० | | | | | ३५०००० | |
| | पर्यटन | ९२५०००० | | | | | | |
| | उद्योग तथा वाणिज्य | ८२००००० | | | | ३८००००० | ४४००००० | |
| सामाजिक विकास | स्वास्थ्य | ९३६००००० | | ९१०० ००० | | ७८७००००० | १४९००००० | ४७६६५०००० |
| | शिक्षा | २०९२०००००० | | | | १९३२०००००० | १६०००००० | |
| | लैंगिक समानता तथा | ५२००००० | | | | ११००००० | ४१००००० | |



जनकराज मिश्र
प्रमुख

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सामाजिक समावेशीकरण | | | | | | | |
| | एमआईएस अपरेटर | १८००००० | | | | १८००००० | | |
| | युवा तथा खेलकुद | ४४५०००० | | | | १००००० | ४३५०००० | |
| | स्काउट | ५००००० | | | | | ५००००० | |
| | सामाजिक सुरक्षा तथा प्रधानमन्त्री रोजगार | १३५००००० | १३४३००००० | | | ९५००००० | ४०००००० | |
| | आर्थिक सहायता | ५०००००० | | | | | ५०००००० | |
| पूर्वाधार विकास | भवन तथा शहरी विकास | २७९००००० | | | | ३०००००० | २४९००००० | |
| | सडक तथा यातायात | १९८००००० | | | | ३७००००० | १६१००००० | ६२७५००० |
| | खानेपानी | १२८७५००० | | | | | १२८७५००० | |
| | ढल निकास | २६००००० | | | | | २६००००० | |
| | सिंचाई | १३५०००० | | | | | १३५०००० | |
| | स्थानीय | १००००००० | | | | | १००००००० | |



जनकराज मिश्र
प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पूर्वाधार साझेदारी | | | | | | | |
| | अन्य पूर्वाधार | ८३५१००० | | | ५००० ००० | ५०००००० | ३३५१००० | |
| | उर्जा | १७००००० | | | | ८००००० | ९००००० | |
| | विपद व्यवस्थापन | ४२२५००० | | | | | ४२२५००० | |
| | वातावरण | ३५०००० | | | | | ३५०००० | |
| संस्थागत विकास | पदाधिकारी सुविधा | १९१००००० | | | | | १९१००००० | ११८५९००००० |
| | पदाधिकारी बैठक भत्ता | ५२००००० | | | | | ५२००००० | |
| | अभिलेख व्यवस्थापन | ५०००००० | | | | | ५०००००० | |
| | वित्तीय व्यवस्थापन तथा सेवा प्रवाह | ६०५०००० | | | | | ६०५०००० | |
| | न्यायिक समिति व्यवस्थापन | ३००००० | | | | | ३००००० | |
| | सूचना प्रविधि | ३९००००० | | | | | ३९००००० | |



जनकराज मिश्र
प्रमुख

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यालय सञ्चालन | ७९०४०००० | | | | | ७९०४०००० | |
| जम्मा | | ७४१६४१००० | १३४३००००० | ९१०००००० | ५०००००० | ३२८३००००० | २६४९४१०००० | ७४१६४१०००० |

जनकराज मिश्र
प्रमुख